म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१६ अङ्कः- ९९ २०८१ फागुन १४ गते बुधबार 26 February 2025, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

## लागूऔषध अफिमसहित मकवानपुरका रविन्द्र बाराबाट पक्राउ

हेटौँडा : लागूऔषध अफिमसहित मकवानपुरको कैलाश गाउँपालिका-६, पकनीका २१ वर्षीय रविन्द्र मोक्तान बारा जिल्लाबाट पक्राउ परेका छन् । मंगलबार बिहान ९:३० बजेको समयमा हेटौँडाबाट वीरगंजतर्फ जाँदै गरेको मोक्तानले चलाएको बा ६३ प ८२६२ नम्बरको मोटरसाईकललाई रोकेर प्रहरीले सुरक्षाजाँच गर्दा मोटरसाइकलको सिट मुनी लुकाएर लैजाँदै गरेको अवस्थामा १ किलो ७५० ग्राम लागूऔषध अफिम बरामद भएको बारा प्रहरीले जनाएको छ । प्रहरीले बारा जिल्ला अदालतबाट १० दिनको म्याद अनुमति लिई मोक्तानलाई हिरासतमै राखेर अनुसन्धान गरिरहेको जनाएको छ ।

### बागमती प्रदेशस्तरीय दुई दलीय संयन्त्रको ७ बुँदे निर्णय

# प्रदेश सरकारलाई प्रभावकारी बनाउन निर्देशन



वैठकमा सहभागी संयन्त्रका पदाधिकारीहरु ।

समाज संवाददाता

हेटौँडा : सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेबीचको बागमती प्रदेशस्तरीय दुई दलीय संयन्त्रको बैठकले ७ बुँदे निर्णय गर्दै प्रदेश सरकारलाई प्रभावकारी बनाउन निर्देशन दिएको छ । संयन्त्र संयोजक एवम् नेकपा एमाले बागमती प्रदेश इन्चार्ज डा. राजन भट्टराईको अध्यक्षतामा ललितपुरमा बसेको बैठकले ७ बुँदे निर्णय गरेको हो ।

बैठकले बागमती प्रदेश सरकारलाई प्रभावकारी रुपमा काम गर्न निर्देशन दिएको छ । बैठकले प्रदेश सरकार अन्तर्गतका विभिन्न निकायहरुमा हुनुपर्ने राजनीतिक नियुक्ति समयमा नै गर्नुपर्ने, सरकारले तय गरेका आयोजनाहरुलाई यथाशिघ्र सम्पन्न गर्न र न्यून पुँजीगत खर्चलाई बढाउन छिटो, छरितो एवम् प्रभावकारी तवरले योजना कार्यान्वयन गर्न निर्देश गरेको छ । यस्तै गत ११ र १२ असोजमा आएको बर्षा र बाढीबाट बागमती प्रदेश भित्र क्षति भएका सम्पूर्ण संरचनाको पुनर्निर्माण र विस्थापितहरुको पुनर्स्थापना गर्ने कार्यलाई तिब्रता दिन र बर्षातको समय नजिकिरहेकाले विपद् जोखिम व्यवस्थापनका लागि पूर्वतयारी कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउन सरकारलाई निर्देशन दिएको संयन्त्रका सचिव राजु नेपालले जानकारी दिनुभयो ।

उहाँले बैठकले बागमती प्रदेश भित्र रहेका समस्याग्रस्त सहकारीहरुको यथार्थ अवस्था पहिचान गर्न तथा सहकारीमा भएको कारोबारका कारण कोहि पनि सदस्य पीडित नहुने आवश्यक व्यवस्था मिलाउने कार्यलाई अझ सुदृढ र व्यवस्थित रुपमा अगाडि बढाउन सरकारलाई भनेको छ । यस्तै प्रदेश सरकारका योजना तथा कार्यक्रमहरु अन्तर्गत भौतिक निर्माणका कार्यहरु सम्पन्न भैसकेका र कानूनी जटिलताका कारण म्याद थप हुन नसकी कार्य सम्पन्न, रकम भुक्तानी तथा संरचना हस्तान्तरणमा अप्ठ्यारो परेका आयोजनाहरुको हकमा कानूनी जटिलता फुकाई दिन संघीय संयन्त्रलाई अनुरोध गर्ने निर्णय पनि बैठकले गरेको छ ।

बैठकमा कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँ, बागमती प्रदेश सरकारका मुख्यमन्त्री बहादुर सिंह लामा, एमालेका तर्फबाट बागमती प्रदेश अध्यक्ष कैलाश ढुंगेल तथा आमन्त्रित सदस्यको रुपमा बागमती प्रदेश सरकारका मन्त्री प्रकाश श्रेष्ठको सहभागिता रहेको थियो ।

# अचेत भेटिएका प्रदेश मन्त्रीका स्वकीय सचिव थापाको मृत्यु

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशको सहकारी तथा गरिवी निवारण मन्त्री मदुकुमार श्रेष्ठका स्वकीय सचिव रवि थापाको निधन भएको छ । सोमबार काठमाडौं कालिमाटीस्थित अस्पतालमा उपचारको क्रममा थापाको मृत्यु भएको हो ।

थापा सोमबार आफ्ना साथीको कोठामा अचेत अवस्थामा भेटिएका थिए । अचेत अवस्थामा भेटिएका थापालाई तत्काल कालिमाटी कै अस्पताल लगिएको प्रहरी परिसर काठमाडौंले जनाएको छ । धादिङ जिल्लाको धुनीबेशी-९ का ३६ वर्षीय थापाले आफ्ना साथी धुनिवेशी-८ घर भई हाल काठमाडौं-१४ लिगमार्ग कलंकीमा बस्ने २१ वर्षीय शिव कुँवरको डेरामा आइतबार दिउँसो २ बजे विषादी सेवन गरेको प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिनुभयो ।

उहाँका अनुसार कोठामा कोहि नभएको अवस्थामा उनले विषादी सेवन गरेको र कोठामा थापाका दाई पुग्दा अचेत अवस्थामा भेटिएका थिए । थापालाई तत्काल उपचारका लागि कलंकीस्थित सहिद मेमोरियल अस्पताल पुऱ्याइएको र उपचारको क्रममा साँझ ६:३८ बजेको समयमा चिकित्सकले मृत घोषणा गरेको प्रहरी उपरीक्षक बोहराले बताउनुभयो । उनको साथबाट एक पेजको पत्र समेत बरामद भएको र सो पत्रमा सहकारीको पैसा लनदेनको विषयमा आफूलाई जोडिएको र त्यसले आफ्नो वेइज्जत भएको उल्लेख गरिएको बोहराले बताउनुभयो ।

थापा गत शुक्रबार मन्त्री श्रेष्ठसँगै काठमाडौं गएका थिए । आइतबार थापाकी छोरीको जन्मदिनको समारोहमा सहभागी हुन हेटौँडा नफर्की काठमाडौंमा नै रहेका थिए । काम विशेषले शनिबार मन्त्री श्रेष्ठ रौतहटमा जानुपर्ने भएकाले थापालाई काठमाडौं नै छाडेर फर्किएका थिए । आइतबार छोरीको जन्मदिन मनाएर उनी राति १० बजे कोठाबाट बाहिरिएका थिए । सो पश्चात उनी परिवारको सम्पर्कमा पुगेनन् ।

सुमेरु सहकारीका विषयमा गत आइतबार सार्वजनिक भएको अडियोका सन्दर्भमा थापाको घटना जोडिएको प्रहरीको भनाई छ । सुमेरु सहकारीका पूर्व सचिव समेत रहेका विनोद आचार्यसँग सो सहकारीको समस्या मिलाउने विषयमा थापाको अडियो क्लिप सार्वजनिक भएको गरिएको मन्त्री श्रेष्ठले बतानउभुयो । सो अडियोमा सहकारीका संचालक सहित थापा र धादिङका राजु बर्तौलाको आवाज रहेको मन्त्री श्रेष्ठले बताउनुभयो ।

अडियोमा सहकारीको समस्या मिलाउने विषयमा बार्गेनिङ भएको र संलग्न रहेको भन्दै गर्तौलालाई प्रहरीले सोधपुछका लागि नियन्त्रणमा लिएको थियो । अडियो क्लिपको बारेमा सामान्य सोधपुछपछि गर्तौलालाई छाडिएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायव उपरीक्षक सुवास हमालले जानकारी दिनुभयो । सो अडियो क्लिप परीक्षणको क्रममा रहेको र सो पश्चात थप प्रक्रिया अघि बढाउने उहाँको भनाई छ । प्रहरी परिसरले मृतक थापाको विषयमा अनुसन्धान गरिरहेको र सोको निर्देशन अनुसार आवश्यक कारवाही अघि बढाउने उहाँले बताउनुभयो ।

मृतक थापाको साथबाट प्राप्त पत्रमा मन्त्री श्रेष्ठ र सचिवालयले राम्रो काम गरेकाले बदनाम गर्न आफ्नो अडियो सम्पादन गरी प्रयोग गरेको उल्लेख गरिएको मन्त्री श्रेष्ठको भनाई छ । थापाको शव टिचिङ अस्पतालमा राखिएको छ भने घटना बारे प्रहरी वृत्त कालिमाटीले अनुसन्धान गरिरहेको छ । स्वकीय थापाको अडियोमा उल्लेख भएको सुमेरु सहकारीलाई मन्त्रालयले गत पुस २८ मा समस्याग्रस्त सहकारी घोषणा गरेको थियो । सो सहकारीले मन्त्रालयको निर्णयको विरुद्धमा सर्वोच्चमा रिट समेत दायर गरेर अल्पकालिन आदेश लिएका छन् । उक्त सहकारीको विषयमा सर्वोच्चले छलफलका लागि बोलाएको छ ।

# एमालेलाई एमाले बनाउन जनसंगठन आवश्यकः जनसंगठन प्रमुख ढकाल

समाज संवाददाता

हेटौंडाः नेकपा एमाले स्थायी कमिटी सदस्य एवम् जनसंगठन समन्वय संयन्त्र प्रमुख भानुभक्त दकालले एमालेलाई एमाले बनाउन जनसंगठन खोल्नुपर्ने बताउनु भएको छ । मंगलबार जनसंगठन समन्वय संयन्त्र हेटौंडाले आयोजना गरेको जनतासँग जनसंगठन (जरा) अभियान शुभारम्भ कार्यक्रममा उहाँले यस्तो बताउनु भएको हो ।

प्रत्येक मुद्दालाई समेट्ने गरी संगठन बनाउनु पर्ने र एक पटक संगठनमा सदस्य भएपश्चात् संगठनको कामको कारण एमाले छाड्न मन नलाग्ने वातावरण सृजना गनुपर्ने उहाँले बताउनुभयो । 'पार्टी भनेको सूर्य र जनसंगठन भनेको चन्द्रमा हो', संयन्त्र प्रमुख ढकालले भन्नुभयो- 'सूर्यको उज्यालो टल्केर नै चन्द्रमा रातमा उज्याले भएजस्तै पार्टीको कारण जनसंगठन प्रभावकारी हुनुपर्छ ।' संगठनले गरेको राम्रो र नराम्रो कामको पार्टीमा प्रत्यक्ष प्रभाव पर्ने उहाँले बताउनुभयो ।

'मिसन ८४ भन्दै गर्दा हामीलाई मात्र मिसन ८४ लागेको छैन, एमालेलाई हराउनेहरुको लागि पनि मिसन ८४ लागेको छ', ढकालले भन्नुभयो- 'अहिलेदेखि नै एमालेलाई बद्नाम गरेर मुल नेतृत्वलाई कमजोर बनाएमात्र ८४ मा एमालेलाई रोक्न सकिने भनेर विपक्षी लागिपरेको छ ।' पार्टीको सदस्य साढे पाँच लाख भएको एमाले २८ लाख भोट पाएको भन्दै उहाँले जनस्तरको मानिसले पनि भोट हालेको बताउनुभयो । कतिपय पालिका, वडामा पार्टीको सदस्यभन्दा पनि कम मत आएकाले चिन्ता बढाएको उहाँको भनाइ छ ।

पार्टी नगर अध्यक्ष बोलबहादुर कार्कीको सभाध्यक्ष तथा स्थायी कमिटी सदस्य एवम् जनसंगठन समन्वय संयन्त्र प्रमुख ढकालको प्रमुख आतिथ्यमा कार्यक्रम सञ्चालन भएको हो । नगरभित्र भएको १७ वटा संगठनलाई झण्डा वितरण गरेर जनतासँग जनसंगठन अभियान शुभारम्भ गरिएको छ ।

कार्यक्रममा पार्टीको जिल्ला कमिटी अध्यक्ष श्रीधर पोखरेलले जनसंगठन कमिटीका पादाधिकारीहरु अत्यन्त न्यून उपस्थित भएको बताउनुभयो । जनसंगठन पदाधिकारीहरु बाहिर आउनुपर्ने र टोलटोलमा जनसंगठन निर्माण हुनुपर्ने बताउनुभयो । पार्टीको उद्देश्यअनुरुप काम हुनुपर्ने र जनतालाई नेकपा एमालेप्रति आकर्षित गर्नुपर्ने उहाँले बताउनुभयो । हिजो १३ हजार पार्टी सदस्य भए पनि अहिले ९ हजारमा सिमित भएकाले सदस्य विस्तार र सदस्यता नवीकरणमा ध्यान दिनुपर्ने उहाँको भनाइ छ ।

पार्टीको जरा अभियान चैत मसान्तसम्म सञ्चालन हुनेछ । अभियानमा ३३ प्रतिशत महिला, १५ प्रतिशत युवा, अपाङ्ग, जनजाति, मुस्लिम र आदिवासीलाई समेट्ने योजना रहेको छ ।

सन्चो हस्पिटल प्रा.ली.
हेटौडा १ मकवानपुर

Sancho Hospital Pvt. Ltd.

**कर्मचारी आवश्यकता**

यस सन्चो हस्पिटल प्रा.ली., हेटौडाको लागि देहायका पदहरुमा करार सेवामा पदपुर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा दरखास्त दिनु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि यस हस्पिटलको प्रशासन शाखामा सम्पर्क राख्नुहुन जानकारी गराईन्छ ।

| सि.नं. | पद | तह | पद संख्या |
|---|---|---|---|
| १ | स्टाफ नर्स | पाचौं | ५ जना |
| २ | एच ए | पाचौं | ३ जना |
| ३ | रेडियोग्राफर | पाचौं | १ जना |
| ४ | ल्याव टेक्निसियन | पाचौं | ३ जना |
| ५ | ल्याव असिस्टेन्ट | चौथो | २ जना |
| ६ | फर्मेसी सहायक | पाचौं | २ जना |
| ७ | सि एम ए | चौथो | २ जना |
| ८ | ए एन एम | चौथो | २ जना |

- योग्यता : मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषय उत्तिर्ण गरि काउन्लिमा दर्ता भएको हुनु पर्ने ।
- अनुभव : अनुभवी उम्मेदवारलाई प्राथामिकता दिईने साथै नयां उम्मेदवारलाई प्रोत्साहन गरिने छ ।

**सम्पर्क नंम्वर : ०५७-५९०१७५, ०५७-५९०१७६**

E–Mail – hospital.sancho@gmail.com / khadka13@gmail.com

हेटौंडा आईडल

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003

स्ट्रेञ्ज पार्टनरः शिवम् सिमेन्ट
"Quality संगैं समयमै Delivery को मामलामा पनि No Compromise"

शोभायात्राः
मितिः २०८१ फागुन ६ गते
समयः बिहान १०:३० बजे

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्कः ०५७-५२०८१६

महोत्सवका आकर्षणहरू
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रबिधिको प्रदर्शनी ।

## सम्पादकीय

# प्रभावकारी विद्यालय नर्स

बागमती प्रदेश सरकारले पछिल्लो ७ वर्षमा धेरै कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । प्रदेश सरकारले कार्यान्वयनमा ल्याएको थोरै योजना र कार्यक्रममात्र सफल भएका छन् । प्रदेश सरकारको सफल कार्यक्रममध्ये एक हो, विद्यालय नर्स । २०७५ सालबाट प्रदेश सरकारले "एक विद्यालय: एक नर्स" कार्यक्रमको रुपमा सामुदायिक माध्यमिक विद्यालयमा स्टाफ नर्स खटाउन सुरु गरेको थियो । विद्यालयका विद्यार्थी, शिक्षक तथा अभिभावक सबै पक्ष प्रत्यक्षरुपमा लाभान्वित बनिरहेको यो कार्यक्रमलाई प्रदेश सरकारले विस्तार गर्दै लगेको छ । विद्यालय तहबाटै बालबालिकालाई सन्तुलित र पोषिलो खानेकुरा र स्वास्थ्य सजगता अपनाउन उत्प्रेरित गर्न निकै प्रभावकारी बनेको विद्यालय नर्सले विद्यालय समयमा विद्यार्थी अचानक बिरामी हुँदासमेत हेरचाह र प्राथमिक उपचारमा निकै सहज भइरहेको छ ।

पहिलो वर्ष प्रदेशका १३ जिल्लाका २० वटा विद्यालय छनोट गरी नमुनाको रुपमा सुरु भएको विद्यालय नर्स कार्यक्रम दोस्रो वर्ष थप १०१ विद्यालयमा विस्तार गरिएको थियो । प्रदेश सरकारले करार सेवामा नर्स नियुक्त गरी विद्यालयहरुमा खटाउने गरेको छ । प्रत्येक वर्ष यो कार्यक्रम विस्तार हुँदै अहिले ८४८ विद्यालयमा नर्स खटाइएको छ । प्रदेशमा एक हजार ३६२ सामुदायिक मावि छन् । रसुवाका १९ वटा माविमध्ये १८ वटामा विद्यालय नर्सको व्यवस्था गरिएको छ । काठमाडौंको १७९ मध्ये १०८, ललितपुरको ७८ मध्ये ४५ र भक्तपुरको ४५ मध्ये ३५ विद्यालयमा विद्यालय नर्स कार्यक्रम लागू भएको छ । चितवनको १०८ मध्ये ७६ र मकवानपुरका एक सयमध्ये ६२ विद्यालयमा विद्यालय नर्स कार्यक्रम सुरु भएको छ । धादिङको १३६ मध्ये ७९, नुवाकोटको १२२ मध्ये ७६, सिन्धुपाल्चोकको १३५ मध्ये ७६ र काभ्रेपलाञ्चोकको १४६ मध्ये ८२ विद्यालयमा विद्यालय नर्स कार्यक्रम चलिरहेको छ । दोलखाको ८४ मध्ये ६१, रामेछापको ८८ मध्ये ५१ र सिन्धुलीको १२२ मध्ये ८० विद्यालयमा नर्सको सुविधा रहेको छ । प्रदेशका ६२ प्रतिशत माविमा विद्यालय नर्सको सुविधा पुगेको छ ।

हालसम्म माध्यमिक विद्यालयमा मात्र लागू गरिएको यो कार्यक्रमबाट लाखौं विद्यार्थी लाभान्वित भइरहेका छन् । विद्यालयमा अध्ययनरत विद्यार्थी घाइते हुँदा वा अपर्झट कुनै स्वास्थ्य समस्या आउँदा अलमलमा पर्ने गरेका शिक्षकलाई यो कार्यक्रमले थप सहज बनाएको छ । विद्यालयमा आवश्यक पूर्वाधार र जनशक्तिसँगै प्राथमिक उपचारका सामग्री र औषधिसहित नर्सको व्यवस्थाले स्वास्थ्य समस्याको तत्कालीन समाधानका साथै स्वास्थ्य, पोषण र सरसफाइसम्बन्धी सचेतना बढाउनसमेत सहयोग पुगिरहेको छ । विद्यालयमै नर्सको व्यवस्थाले महिनाबारीको समयमा विद्यालयमा छात्राहरुको अनुपस्थिति दरलाई घटाएको छ । सामान्य बिसन्चो हुँदासमेत विद्यार्थी घर जाने अवस्था न्यूनीकरण भएको छ । विद्यार्थीको स्वस्थता प्रवर्द्धन, पोषणयुक्त खाना, नियमितता र पढाइ छाड्न नपर्दा विद्यार्थीको पठनपाठनमा समेत सुधार भएको छ । यसले विद्यालयको शैक्षिक गुणस्तर वृद्धिमा समेत सहयोग पुगेको पाइन्छ ।

बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले सार्वजनिक सूचना प्रकाशन गरेर आवश्यक छनोट प्रक्रिया पूरा गरी करारमा स्टाफ नर्स नियुक्त गर्दै आएको छ । मन्त्रालयमार्फत् नै तलब सुविधा उपलब्ध गराउने गरी नियुक्त गरिएका नर्सलाई विद्यालयमा खटाइन्छ । विद्यालयमा नर्सको व्यवस्था भएपछि वातावरण प्रदूषण, कमजोर खानपान, अस्वस्थ पिउने पानी, व्यक्तिगत सरसफाईमा बेवास्ताजस्ता कारणले विद्यार्थी बिरामी हुने समस्या न्यूनीकरण भएको छ । दैनिकरुपमा विद्यालयमा खेल्दा, उफ्रँदा, दौडँदा, प्रयोगात्मक कार्यहरु गर्दा विद्यार्थीलाई चोटपटक लागेको अवस्थामा सामान्य उपचार सहज बनेको छ । निकै प्रभावकारी र सफल बनिरहेको विद्यालय नर्सको व्यवस्था प्रदेशका बाँकी माध्यमिक विद्यालयमा समेत चाँडै हुनुपर्छ । विभिन्न जिल्लामा रिक्त रहेको ७८ जना नर्सको दरबन्दीमा नर्सको व्यवस्था गर्नसमेत मन्त्रालयले तदारुकता देखाउनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : व्यापार–व्यवसाय मध्यमकारक रहने योग छ । |
| वृष | : भोगविलास र आनन्दप्रति मन आकर्षित हुनेछन् । |
| मिथुन | : रोकिएका कामहरु सम्पादन हुने समयको योग रहेको छ । |
| कर्कट | : परोपकारजन्य कृत्यमा सरिक भइने समय योग छ । |
| सिंह | : कर्म क्षेत्रको व्यस्तताले आत्मीयजनहरु रुष्ट हुनेछन् । |
| कन्या | : प्रतिस्पर्धी माथि विजय प्राप्त हुने समय योग देखिन्छ । |
| तुला | : उपहार र समयले साथ दिने समयको योग देखिन्छ । |
| वृश्चिक | : समय अप्ठ्यारो र झन्झटिलो रहेको देखिन्छ । |
| धनु | : साहित्यिक कृत्यमा रुची बढ्ने समय योग देखिन्छ । |
| मकर | : जिम्मेवारी ग्रहण गर्ने समय योग आएको छ । |
| कुम्भ | : प्राज्ञिक र बौद्धिक व्यक्तिहरुसँग सामीप्यता बढ्ला । |
| मीन | : परोपकारजन्य काममा सरिक भइने समय योग रहेको छ । |

# किन पर्‍यो नेपाल सम्पत्ति शुद्धीकरणको खैरो-सूचीमा ?



✍विजयकान्त धमला

गैरकानुनी तवरबाट आर्जन गरेको सम्पत्तिको वास्तविक स्रोत लुकाउने, प्रकृति बदल्ने, कारोबार छल्ने र कानुनी स्रोतबाट प्राप्त भएको हो भनी देखाउने कार्य नै सम्पत्ति शुद्धीकरण हो । अर्थात् कालो धनलाई सेतो बनाउने कार्य नै सम्पत्ति शुद्धीकरण हो । यसमा गैरकानुनी स्रोतबाट उपार्जन गरेको सम्पत्तिको स्रोतलाई नै परिवर्तन गरेर कानुनी स्रोत बनाउने कार्य हुन्छ । यसले अशुद्ध वा गलत कार्यबाट उपार्जन गरिएको धन वा सम्पत्तिलाई शुद्ध गराउने वा उपयुक्त कार्यबाटै आर्जन गरिएको हो भन्ने देखाउने कुरालाई इङ्गित गर्छ ।

विशेषत: सम्पत्ति शुद्धीकरणको माध्यमद्वारा आतङ्कवादी क्रियाकलापमा समेत वित्तीय लगानी गरिन्छ । यस्तो कार्य व्यक्तिगत वा सङ्गठित रूपमा हुने गर्छ । व्यक्तिगतभन्दा सङ्गठित रूपमै बढी हुने गरेकाले यसलाई सङ्गठित अपराधका रुपमा समेत लिइन्छ । कुनै एउटा मुलुकको भौगोलिक वा राजनीतिक सीमा, एउटा वर्ग वा क्षेत्रभित्र मात्र सीमित नरहेर यो अपराध विश्वव्यापी रूपमै फैलिएको हुन्छ । त्यसैले सम्पत्ति शुद्धीकरण समकालीन विश्वको साझा चुनौतीको विषय हो । यसले मुलुकको वित्तीय प्रणालीको स्वरूप, अस्तित्व, साख र विकासमा नकारात्मक अवस्था सिर्जना गरी अन्तत: विश्व वित्तीय प्रणालीमा समेत असर पुर्‍याउने गर्छ ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीलाई रोकथाम एवं निवारण गर्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रयास भएका छन्, हुँदै आएका छन् । यस किसिमका कार्यहरूको रोकथाम र निवारण गर्नका लागि नेपालमा सम्पत्ति शुद्धीकरण निवारण ऐन-२०६४, सम्पत्ती शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (सूचीकृत व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का) नियमावली- २०७० जस्ता नीतिगत प्रावधान गरिएको छ । उक्त ऐनको तत्वावधानमा रहेर संस्थागत व्यवस्थाका रुपमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको गठन गरी विभिन्न ३२ वटा कसुरहरूको अनुसन्धान, अभियोजन गर्ने व्यवस्था गरिएको छ । हाल यो विभाग प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय मातहत रहेको छ ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसुरको अनुसन्धान गर्न विभिन्न १३ वटा निकाय तोकिएका छन् । राजस्व परामर्श समितिको प्रतिवेदन- २०८१ ले सम्पत्ति शुद्धीकरणका सन्दर्भमा विभिन्न सुझाव समेत दिएको छ । विश्व समुदायबाट नेपाललाई सम्पत्ति शुद्धीकरणको जोखिम नरहेको देशका रुपमा मूल्याङ्कन हुने स्थिति बनाइराख्ने व्यवस्था नेपालको १६औँ पञ्चवर्षीय योजनामा समेत समावेश गरिएको छ ।

सन् १९८९ मा 'जी-सेभेन'का देशहरुको पेरिसमा सम्पन्न शिखर सम्मेलनले विश्वमा सम्पत्ति शुद्धीकरणको बढ्दो समस्यासँग सामूहिक रूपमा लड्न वित्तीय कारबाही कार्यदल 'फाइनान्सियल एक्सन टास्क' ('एफएटीएफ')को गठन गरेको थियो । यस कार्यदलले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी कार्य गर्नका लागि आपराधिक कार्यबाट आर्जित सम्पत्तिलाई कानुनी दायरामा ल्याउन विभिन्न ४० वटा सिफारिस र नौवटा विशेष सिफारिसहरु जारी गरेको छ । सम्पत्ति शुद्धीकरणको प्रवृत्ति अध्ययन गर्ने; राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका विधायिकी, वित्तीय तथा कानुनी गतिविधिहरु तथा यसको कार्यान्वयनको अनुगमन गर्ने; प्रतिवेदन गर्ने एवं सम्पत्ति शुद्धीकरण नियन्त्रणका लागि सिफारिस एवं मापदण्डहरु जारी गर्नेजस्ता जिम्मेवारी कार्यदललाई प्रदान गरिएको थियो ।

'एफएटीएफ'ले जारी गरेका सिफारिस एवं विशेष सिफारिसहरू सदस्य राष्ट्रहरुका लागि बाध्यकारी हुने गर्छन् । परिवर्तित समय र समयको माग अनुसार यसले आफ्ना सिफारिसलाई अद्यावधिक गर्ने गर्छ । उदाहरणका रुपमा सन् २०१८ मा सिफारिस नम्बर १५ लाई अद्यावधिक गरेको थियो ।

'एफएटीएफ'ले कालो र खैरो गरेर दुई किसिमका सूचीहरु जारी र प्रकाशित गर्ने गर्छ । मुलुकहरुमा रहेको भ्रष्टाचारको अवस्था, सम्पत्ति शुद्धीकरण, आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी, गैरवित्तीय क्षेत्रको नियमन, कार्यदलका सिफारिस र विशेष सिफारिसहरूको अनुपालना आदिका आधारमा राष्ट्रहरुलाई 'कालो वा खैरो-सूची' (ब्ल्याक अर ग्रे लिस्ट) मा राख्ने गर्छ । 'एफएटीएफ'ले उच्च जोखिममा रहेका देशहरुलाई कालो-सूचीमा र सुधारका लागि उच्च अनुगमनको दायरामा राख्नुपर्ने देशहरूलाई 'खैरो-सूची'मा राख्ने गरेको छ । यसर्थ कालो-सूची प्रतिबन्धित देशहरूको सूची हो भने खैरो-सूची उच्च निगरानीमा राखिएका देशहरुको सूची हो ।

सन् २०२५ को फेब्रुअरीमा फ्रान्सको पेरिसमा भएको कार्यदलको पूर्ण बैठकबाट नेपाललाई 'खैरो-सूची'मा राखिएको हो । नेपाल लगायत विभिन्न २६ वटा देश यस सूचीमा परेका छन् । यस्तै इरान, म्यानमार र उत्तरकोरिया 'एफएटीएफ'को कालो-सूचीमा परेका छन् । यसभन्दा अगाडि सन् २००९ देखि २०१४ सम्म पनि नेपाल 'खैरो-सूची'मा परेको थियो ।

एसिया प्यासिफिक ग्रुप (एपीजी) अफ मनी लाउन्डरिङले दुई वर्षअगाडि नै नेपालमा सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी पारस्परिक मूल्याङ्कन प्रतिवेदन तयार गरी कार्यदललाई बुझाएको थियो । सो प्रतिवेदन पारित गर्दै सन् २०२३ को अक्टोबरमा नेपाललाई एक वर्षको निगरानी अवधि दिइएको थियो । उक्त प्रतिवेदनले विभिन्न ४० वटा सुधारका क्षेत्रहरु तोकेको थियो । सुधारका लागि जुन क्षेत्रहरू तोकिएका थिए, त्यसमा सुधार हुन नसकेका कारण नेपाल खैरो-सूचीमा परेको हो ।

गैरवित्तीय क्षेत्रको नियमन हुन नसकेको; आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानीलाई नेपालले ट्र्याकिङ गर्न नसकेको; सम्पत्ति शुद्धीकरण जोडिएका मामिलाहरुको अनुसन्धान र जाँचबुझ गर्न नेपाल कमजोर देखिएको; कानुनी सुधार भए पनि कार्यान्वयन पक्ष फितलो रहेको; संस्थागत क्षमताको विकास हुन नसकेको; राष्ट्र बैङ्क, धितोपत्र बोर्ड, बिमा प्राधिकरणजस्ता निकायबाट कमजोर निगरानी हुनु; सहकारी क्षेत्र तथा घर-जग्गा कारोबार माथिको न्यून निगरानी हुनु; सम्पत्ति शुद्धीकरणका सवालमा फितलो अनुसन्धान र अभियोजन पद्धतिजस्ता कारणहरु नै नेपाल 'एफएटीएफ'को खैरो-सूचीमा पर्नुको अन्तर्य हो ।

मुलुक सम्पत्ति शुद्धीकरणको खैरो-सूचीमा परिसकेपछि केही चुनौती, समस्या र जोखिमहरु अवश्य आउँछन् । नेपालबाट लाखौँ युवा वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा जाने गर्छन् । वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण मुलुकको प्रमुख आय-स्रोत पनि हो । विदेशमा श्रम गर्ने वर्गले आफूले आर्जन गरेको धन सहज रुपमा मातृ मुलुकमा पठाउन सक्ने अवस्था बन्नुपर्छ तर मुलुक सम्पत्ति शुद्धीकरणको खैरो-सूचीमा परेपछि विदेशबाट नेपालमा विप्रेषण रकम पठाउन बढी खर्चिलो र झन्झटिलो हुन सक्छ । यसका साथै प्रतीतपत्र खोल्दा महँगो पर्ने, वस्तु निर्यातमा झन्झट हुने, वैदेशिक ऋण एवं अनुदानहरुघट्ने, प्रत्यक्ष वैदेशिक लगानीमा समस्या आउने अर्थात् नेपालमा प्रत्यक्ष वैदेशिक लगानी गर्न कोही पनि अनिच्छुक हुने, अन्तर्राष्ट्रिय व्यापारमा समस्या उत्पन्न हुने, अन्तर्राष्ट्रिय बैङ्किङ प्रणालीमा समस्या सिर्जना हुने, अन्तर्राष्ट्रिय वित्तीय कारोबारमा उच्च निगरानी हुने, अन्य राष्ट्रले हाम्रो देशलाई हेर्ने नजरमा समेत परिवर्तन आउन सक्ने जस्ता चुनौती एवं जोखिम हामीले बेहोर्नुपर्ने हुन सक्छ ।

सन् २०२५ को फेब्रुअरीबाट खैरो-सूचीमा परेको नेपाल अबको दुई वर्ष अथवा सन् २०२७ को जनवरीसम्म यो सूचीमा रहनेछ । मुलुकले गर्ने सुधारका कार्यका आधारमा खैरो-सूचीबाट बाहिर निस्किने वा 'डार्क ग्रे-लिस्ट'मा पर्ने वा 'ब्ल्याक-लिस्ट'मा पर्ने कुराको निर्क्योल हुन्छ । 'एफएटीएफ'ले तोकेको दुई वर्ष वा त्योभन्दा अगाडि नै सम्पत्ति शुद्धीकरणको ग्रे-लिस्टबाट मुक्त हुन नेपालले कार्ययोजना बनाई लागु गर्नुपर्छ । एक्सन प्लान बनाउने र 'एफएटीएफ'को महासभाबाट स्वीकृत एक्सन प्लान अनुसार कार्य गर्ने, सो अनुसारको कानुनी एवं नीतिगत व्यवस्था गर्ने, कानुनको कार्यान्वयन गर्न सक्ने संस्थागत संरचनाको व्यवस्था गर्ने र उक्त कानुनी एवं संरचनात्मक व्यवस्थामार्फत दूत गतिमा कार्य गरी सोको प्रगति प्रतिवेदन तीन-तीन महिनामा नियमित रुपमा कार्यदलमा पेस गर्नुपर्छ । यो बिचमा सरकारले भ्रष्टाचार नियन्त्रण र सुशासनका क्षेत्रमा कार्य गर्ने, कार्यदलका सिफारिस एवं विशेष सिफारिसहरूको पूर्ण पालना गर्ने, गैरवित्तीय पेसा-व्यवसायलाई नियमन गर्ने, सम्पत्ति शुद्धीकरण निवारणका लागि अन्तर निकाय समन्वय र सहकार्य गर्ने, सहकारी तथा क्यासिनो र घरजग्गा कारोबारमा उच्च निगरानी राख्ने, बहुमूल्य धातुका व्यापारीहरूमाथि उच्च निगरानी राख्ने, आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय प्रवाहलाई रोक्ने, राजनीतिक प्रतिबद्धता व्यक्त गर्ने तथा कूटनीतिक पहलहरु गर्नेजस्ता कार्य गर्नुपर्छ । जसले नेपाललाई सम्पत्ति शुद्धीकरणको ग्रे-लिस्टबाट मुक्त गराई अन्य देशसरह बन्न सहयोग पुर्‍याउँछ ।

यसै सन्दर्भमा राजनीतिक प्रतिबद्धताहरु एवं सरकारी तवरबाट छिटै नेपाललाई ग्रे-लिस्टबाट मुक्त गर्ने गरी कार्यहरु गर्ने प्रतिबद्धता व्यक्त भएका छन् । साथै यस विषयलाई सरकारले उच्च प्राथमिकतामा राखेको र सबै सरोकारवालामा नेपाललाई ग्रे-लिस्टबाट बाहिर निकाल्न आ-आफ्नो भूमिका निर्वाह गर्न आह्वान समेत गरेको छ, यो सुखद् समाचार हो ।

अन्त्यमा, आपराधिक कार्यबाट सम्पत्तिको आर्जन हुने र आतंकवादी क्रियाकलापसम्म त्यो जोडिनेजस्ता जोखिमबाट मुलुकलाई पूर्ण रुपमा जोगाउन 'एफएटीएफ'को ग्रे-लिस्टलाई एउटा महत्त्वपूर्ण अवसरका रूपमा लिएर कार्य गर्ने हो भने नेपाल राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा वित्तीय रुपमा सक्षम मुलुक बन्न सक्नेछ । त्यसैले नपर्नु ग्रे-लिस्टमा परिसकेपश्चात् यसलाई अवसरका रूपमा लिएर कार्य गर्नु नै मुलुकको हितमा हुन्छ भन्ने विश्वास लिन सकिन्छ ।

*(लेखक नेपाल सरकारका लेखा-अधिकृत हुन् । स्रोत: रातोपाटी)*

# दाँत किन सिरिङ सिरिङ हुन्छ, के छ यसको उपचार ?



✍डा. सोनम साह

चिसो वा तातो पानी पिउँदा, खानेकुरा खाँदा दाँत सिरिङ-सिरिङ हुनसक्छ । कतिपय अवस्थामा दुख्न पनि सक्छ । यसरी दाँत सिरिङ-सिरिङ हुनुलाई मेडिकल भाषामा 'हाइपर सेन्सेटिभिटी' भनिन्छ ।

यस्तो किन हुन्छ ? कारण एउटा मात्र छैन ।

दाँतको बाहिरी भागमा इनामेल हुन्छ, जसले दाँतको हड्डीलाई जोगाउने काम गर्छ । इनामेलभन्दा भित्रको भाग 'डेन्टिन' हो । सबैभन्दा भित्रको भागलाई 'पल्प' भनिन्छ । विभिन्न कारणवश इनामेल खिइँदै डेन्टिन देखिन्छ । र, सिरिङ-सिरिङ हुन्छ ।

गिजा आफ्नो ठाउँबाट तल झर्‍यो भने त्यसको कारण पनि दाँत सिरिङ-सिरिङ हुन्छ । साथै, दाँत कीराले खायो भने सिरिङ-सिरिङ गर्ने समस्या आउँछ । पहिले भरेको दाँतको सिमेन्ट निस्कियो भने पनि सिरिङ-सिरिङ हुन्छ ।

एक पटक भरेको दाँतमा पुन: कीराले खान सुरु गर्‍यो भने पनि यो समस्या आउन सक्छ ।

कहिलेकाहीँ सिमेन्ट भरेपछि, ब्लिचिङ गरेपछि पनि दाँत सिरिङ-सिरिङ हुनसक्छ । तर, त्यो केही समयपछि आफैँ निको हुन्छ । एसिडयुक्त पदार्थले मुख कुल्ला गर्ने माउथवासको प्रयोगले पनि दाँत सिरिङ-सिरिङ हुने समस्या आउन सक्छ ।

### दाँत सिरिङसिरिङ हुने समस्या कम गर्ने उपाय

### बिस्तारै ब्रस गर्ने

दाँत सिरिङ- सिरिङ हुने समस्या कम गर्न दाँत माझ्ने तरिका परिवर्तन गर्नुपर्छ । धेरै कडा ब्रस गर्दा गिजा अझ कमजोर हुन सक्छ । त्यसैले, बिस्तारै ब्रसको गर्नुपर्छ । ब्रस गर्दा नरम ब्रस मात्र प्रयोग गर्नुपर्छ । किनभने कडा ब्रस प्रयोग गर्दा पनि समस्या झन् बढ्न सक्छ ।

### फ्लोराइड युक्त मन्जनको प्रयोग गर्ने

सही मन्जनको चयनले दाँतको स्वास्थ्यलाई दीर्घकालसम्म सुरक्षित राख्न सक्छ । त्यसैले, फ्लोराइड युक्त मञ्चनको प्रयोग गरेर दाँत माझ्नुपर्छ । मन्जनमा भएको फ्लोराइड तत्त्वले दाँतमा सडन हुनबाट रोकथाम गर्छ। र, सिरिङ सिरिङ हुने समस्या पनि कम हुन्छ ।

### सरसफाइमा ध्यान दिने

सिरिङ सिरिङ कम गर्न, सरसफाइमा ध्यान दिनु महत्त्वपूर्ण हुन्छ । दैनिक दुई पटक ब्रस गर्ने, दुई देखि तीन पटक सफा पानीले कुल्ला गर्नुपर्छ । चिया, खाजा जे खाए पनि खाइसकेपछि कुल्ला गर्नुपर्छ । यसले ब्याक्टेरियालाई बढ्नबाट रोक्छ ।

साथै, सिरिङ सिरिङ हुने समस्या पनि कम हुन थाल्छ ।

### नुन पानीले कुल्ला गर्ने


नुन पानीले कुल्ला गर्नाले सिरिङ सिरिङ हुने समस्याबाट छिट्टै आराम मिल्छ । नुन पानीले ब्याक्टेरिया हटाउन मद्दत गर्छ । यदि दाँत सुन्निने वा दुखाइ छ भने, यसले धेरै राहत दिन्छ । त्यसैले, दिनमा दुई पटक मनतातो पानीमा नुन मिसाएर कुल्ला गर्नुपर्छ ।

### डाक्टरसँग परामर्श गर्ने

यदि यो समस्या एक हप्ता भन्दा बढि भयो भने, डाक्टरलाई सम्पर्क गर्नुपर्छ र उचित सल्लाह लिनुपर्छ । किनभने यसले अन्य समस्याको सङ्केत गरेको पनि हुन सक्छ ।

*(स्रोत: अनलाईनखबर)*

# चित्रकला







मनिका लामा
कक्षा-८, वंशगोपाल माध्यमिक विद्यालय
मकवानपुरगढी-२





बिहान कार्की
कक्षा-४, कमाने एकेडेमी, हेटौँडा-८






सृष्टि श्रेष्ठ
युकेजी, लिटिल बडी प्रिस्कूल
हेटौंडा-४

# आमा



**युनिका गरञ्जा**

रामो कुरा सिकाउने ज्ञान दिने आमा
हामी अघि बढ्दा अझै रमाउने आमा
आमा भए हाम्रो जीवन भाग्यशाली हुन्छ
आमा नभए हाम्रो जीवन कसरी पो टिक्छ ।

सानो हुँदा आमाले नै ताते गराइन् ।
हाम्रो गल्ती हुँदा उनले राम्ररी सम्झाइन्
राम्रोसँग पढ्नु भनी आशिर्वाद नि दिन्छिन्
धेरै पढ्न भन्दै मलाई उत्साह नि दिन्छिन्

सन्तानले गर्ने कर्तव्य छोरा भएर गर्नेछु ।
हजुरको हरेक दुःख सुखमा साथ दिनेछु
धेरै पढी ठूलो भई अगाडि म बढ्ने छु
हजुरको खुशीमा आफ्नो खुशी देख्ने छु

*कक्षा-८, रेडरोज इंग्लिस बोर्डिङ स्कूल, हेटौंडा-१६*

# समयको महत्व




**सृष्टि यादव**

समयले काल वा क्षणलाई जनाउँछ । समयलाई अवसर पनि भनिन्छ । समयको सुरु र अन्त्य अनिश्चित छ । समयलाई देख्न र छुन सकिदैन । हामीले समयलाई अनुभव मात्र गर्न सक्छौं । मानिसहरूले समयलाई सेकेण्ड, मिनेट, घण्टा, दिन, हप्ता, महिना र वर्ष भनेर विभाजन गरेका छन् । समय निरन्तर चलिरहन्छ । समयले कसैलाई पनि पर्खिँदैन । समयको महत्व नबुझ्ने र समयको पालना नगर्ने मानिसहरु सधैं पछाडि पर्छन् । समयको सही प्रयोग गर्न नसकेमा कहिले पनि मानिसले सोचेको सपना पूरा गर्न सक्दैनन् । हामीले सबै कामहरू समयमै गर्नुपर्छ । विद्यार्थीको जीवनमा समयको महत्व धेरै छ । समयको पालना नगर्दा विद्यार्थीले पढाइमा कहिले पनि सफलता हासिल गर्न सक्दैनन् । समयको सदुपयोग गर्ने मानिसहरूले आफूले सोचेका कुराहरु सजिलै प्राप्त गर्न सक्छन । समय कसैले रोकेर पनि रोकिँदैन । यो बगिरहेको नदी जस्तै हो । बगिरहेको नदीमा पहिलो पाइला पश्चात् दोस्रो पाइला टेक्दा पहिलो पाइलाले टेकेको पानी बगिसकेको हुन्छ र त्यसलाई भेट्न सकिँदैन । त्यसैगरी एक पटक बितेको समयलाई पनि कहिले भेट्न सकिदैन । त्यसैले हामीले समयको महत्व बुझी यसको भरपूर सदुपयोग गर्नुपर्छ ।

*कक्षा-५, नवोदय शिशु सदन, हेटौंडा-४*

# My School



**Rojina Kesari**

I love my school, so big and bright
A place of knowledge, pure delight

Here, I meet my friends so, true
with everyday there's something new

school is cool a place to grow
with lesson bright that helps us know

Book and pencils, friends so sweet
learning together oh what a treat

we read and write we laugh and play
school is fun in everyway

with teachers kind and friends so dear
every moment, we hold near

Don't miss school - don't be late,
come with joy, participate,

My school uniform, warm and neat
keeps me cozy, head to feet

we play we fellow every rule
I love my school my precious school

I love my school, so big and bright
A place of knowledge, pure delight

*Class 5, Rose Academy, Hetauda-4*

# पानी



**श्रीया कार्की**

जीवन जीउन आवश्यक छ हामीलाई पानी
आइदेउ आकाशबाट खेलुन् बाबुनानी,
गर्मीमा शीतल मिल्छ तिमी हामीलाई
खुसी हुन्छन् खोलानाला देख्दा तिमीलाई,

मेटाउछौं प्यास हाम्रो धन्य भयौ तिमी
खुसी छौं हिँड्दा उकाली ओराली,
हाम्रो शरीरमा हेर बास छ तिम्रै
जान्छौ समुद्रमा ओरालिँदै बाटो बनाउँदै,

बास्ना पनि छैन स्वाद पनि छैन
तिमी छैनौ त हेर केहि पनि छैन,
प्रयोग गर्छन् सबैजना प्यास मेटाउनलाई
लगाई दिन्छन् तन मन तिमीलाई भेटाउनलाई,

मानिस र पानी सधैं हेर एक साथ छ
विरुवाहरु उम्रिनुमा तिम्रो ठूलो हात छ,
पानीमा फोहोर हाल्न घटाउन पर्छ
पानी प्रदुषण गर्ने बानी अब हटाउनु पर्छ ।

*कक्षा-५, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४*

# विद्यार्थी परिचय



आशिका ढुङ्गाना

आशिका हेटौँडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयको कक्षा १० मा अध्ययनरत विद्यार्थी हुनुहुन्छ । आशिका प्राविधिक विषयको विद्यार्थी हुनुहुन्छ । आशिकाको घर हेटौँडा-२ मा रहेको छ । आशिकाको घरमा आमा, बाबा र दाइ हुनुहुन्छ । आशिकाको आमा र बुबा होटल व्यवसाय गर्नुहुन्छ भने दाइ पढाईको सन्दर्भमा विदेश हुनुहुन्छ ।

आशिका अहिले होस्टेल बसेर परीक्षाको तयारी गरिरहनु भएको बताउनुहुन्छ । घरमा सघाउने दाई नभएपछि आशिकाले हेस्टेलको मद्दतबाट एसईईको तयारी गर्नुभएको हो । आशिका बस्ने होस्टेलको नाम ब्रेन बिल्डर्स होस्टेल हो । आशिकालाई एक्लै पढ्न मन पर्छ । साथीहरुसँग भन्दा पनि एक्लै पढ्दा प्रभावकारी हुने बताउनुहुन्छ । आशिका मनोरञ्जनका लागि किताब पढ्ने र हावामा बाहिर निस्कने गर्नुहुन्छ । आशिका प्राविधिक विषय पढेको कारण भविष्यमा पनि प्राविधिकतर्फ नै लाग्ने योजना रहेको छ । आशिकालाई सरसफाई गर्न पनि मन पर्छ । आशिका होस्टेलमा योगा र व्यायाम गर्ने गरेको बताउनुहुन्छ ।




सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं
र
सुनाऔं



हेटौँडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराइड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समय: बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्याबरोटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

हेटौँडा उपमहानगरपालिका
२ नम्बर वडा कार्यालयको सूचना
अपाङ्गताका आधारमा हुने विभेदको अन्त्य गरौं
- अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं,
- अपाङ्गताको आधारमा गरिने भेदभाव सार्वजनिक अपराध हो, यस्ता भेदभावको अन्त्य गरौं,
- सार्वजनिक निकायका पूर्वाधार र सेवा प्रवाह अपाङ्गमैत्री बनाऔं,
- सार्वजनिक विद्युतीय सूचना प्रणाली र संचारलाई अपाङ्गतामैत्री बनाऔं,
- अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं ।


विष्णुगोपाल महर्जन
वडा अध्यक्ष तथा
२ नम्बर वडा कार्यालय परिवार

# सिद्धार्थ माविको वार्षिकोत्सवमा उत्कृष्ट शिक्षक र कर्मचारी सम्मानित



*शिक्षकलाई सम्मान गरिँदै ।*

समाज संवाददाता

हेटौँडा : हेटौँडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयको ४९ औं वार्षिकोत्सवमा उत्कृष्ट शिक्षक र कर्मचारीलाई सम्मान गरिएको छ । सोमबार सम्पन्न वार्षिकोत्सवमा उत्कृष्ट शिक्षकतर्फ सागरप्रसाद खतिवडा, गणेशप्रसाद हुमागाई, रोशन शाह घर्ती, सुनिल शिवकोटी, सुरुची रेग्मीलाई सम्मान गरिएको हो । यस्तै कर्मचारीतर्फ सपनामाया गोलेलाई सम्मानत गरिएको छ । उत्कृष्ट शिक्षक र कर्मचारीलाई जनही ५ हजार रुपैयाँ नगदसहित सम्मान गरिएको हो ।

वार्षिकोत्सवको अवसरमा सौरभ/गौरव अक्षयकोष छात्रवृत्ति कक्षा-११ मा अध्ययनरत् निरोज घिसिङ र रिता कुमारी पट्टेललाई छात्रवृत्तिस्वरुप जनही ५ हजार रुपैयाँ प्रदान गरिएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बलराम घिमिरेको अध्यक्षता तथा हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्नुहुँदै नगरप्रमुख लामाले सामुदायिक विद्यालयको मिहिनेत र परिश्रमले नतिजा देखन लागेको बताउनुभयो । सामुदायिक विद्यालयप्रति विश्वास दिलाउन चुनौतिसँगै अवसर पनि रहेको उहाँको भनाई छ ।

सामुदायिक विद्यालयप्रति विश्वास बढाउन शिक्षक र विद्यार्थीको विशेष भूमिका रहेको बताउनुहुँदै विद्यालयको शैक्षिक गुणस्तर उकास्न उपमहानगरले सहयोग गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो । सोही अवसरमा विद्यालयका निवर्तमान प्रधानाध्यापक मोहनप्रसाद शर्मासहित सबैभन्दा बढी उपस्थित हुने र उत्कृष्ट नतिजा हासिल गराउन सहयोग गर्ने शिक्षकलाई पनि सम्मान गरिएको छ । कक्षागत रुपमा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पनि स्टेशनरी सामग्रीसहित पुरस्कृत गरिएको छ । वार्षिकोत्सव समारोहमा हेटौँडा उपमहानगरपालिकाको सामाजिक विकास समितिका संयोजक रामकृष्ण थापा, वडाध्यक्ष विष्णुगोपाल महर्जन, राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख कृष्णप्रसाद घिमिरेको पनि आतिथ्य रहेको थियो ।

## चैत १६ गतेबाट एनएसएल फुटबल

# पोखरा थण्डर्सको प्रशिक्षकमा मकवानपुरका घिमिरे

समाज संवाददाता

हेटौंडाः पोखरा उपमहानगर पालिकाको पोखरा थण्डर्सको टिम प्रशिक्षकमा मकवानपुरका भेट्रान्स फुटबल खेलाडी सुवीन घिमिरे नियुक्त हुनुभएको छ । चैत १६ गतेदेखि सुरु हुने तेस्रो संस्करणको नेपाल सुपर लिग (एनएसएल) फुटबल प्रतियोगितामा सहभागी हुन लागेको पोखरा थर्ण्डसको टिम प्रशिक्षकमा घिमिरे नियुक्त हुनुभएको हो ।

पोखरा थण्डर्स क्लबको सोमबार बसेको बैठकले मकवानपुरका घिमिरेलाई टिम प्रशिक्षकमा नियुक्त गर्ने निर्णय गरेको छ । यसअघि टेक्निकल टिमको जिम्मेवारी पाउनु भएका घिमिरेललाई सोमबार प्रशिक्षकको जिम्मेवारी दिने निर्णय भएको उहाँले जानकारी दिनुभएको छ ।

मकवानपुरका पूर्व 'ए' डिभिजन खेलाडीसमेत रहनुभएका घिमिर हेटौंडा-५ स्थित पिप्ले युवा क्लबको अध्यक्षसमेत हुनुहुन्छ । एएफसी 'बी' लाइसेन्स प्राप्त घिमिरे 'ए' डिभिजन सरस्वती युवा क्लब टिमको क्याप्टेनसमेत हुनुभएको थियो । उहाँ विसं २०६२ सालदेखि सरस्वती युवा क्लबबाट विभिन्न प्रतियोगितामा सहभागी हुँदै आउनुभएको हो । घिमिरेसँगै पोखराको टिमबाट सुमन श्रेष्ठले मुख्य टिम प्रशिक्षकको भूमिका निर्वाह गर्नुहुनेछ । तेस्रो संस्करणको एनएसएल फुटबल प्रतियोगितामा झापा एफसी, एफसी चितवन, काठमाडौं रेजर्स एफसी, बुटवल, ललितपुर सिटी, लुम्बिनी एफसी, धनगढी एफसीलगायत टिमको सहभागिता रहने उहाँले बताउनुभयो । प्रतियोगितामा विभिन्न क्लबहरुबाट मकवानपुर जिल्लाका ७ जना खेलाडीहरुको सहभागिता रहने बताइएको छ ।

# हेटौंडा क्याम्पसको वार्षिकोत्सव सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसको वार्षिकोत्सव कार्यक्रम सम्पन्न भएको छ । विविध खेलकुद कार्यक्रम तथा अतिरिक्त क्रियाकलापका विजेताहरुलाई पुरस्कृति गर्दै मंगलबार क्याम्पसको ३५ औं वार्षिकोत्सव समापन गरिएको हो ।

गत फागुन ७ गतेबाट सुरु भएर एक सातासम्म विविध कार्यक्रमका साथै मंगलबार समापन तथा पुरस्कार वितरण कार्यक्रम गर्दै वार्षिकोत्सव समापन गरिएको हो । प्रतियोगिताका विजेताहरुलाई मेडल तथा प्रमाणपत्र प्रदान गरिएको छ ।

समापन कार्यक्रममा शिक्षक सेवा आयोगबाट लिइएको प्राथमिक तहको परीक्षामा १ नम्बरमा सिफारिस हुनुभएका क्याम्पसका छात्रा एलिसा घिमिरेलाई सम्मान गरिएको छ । अतिरिक्त क्रियाकलाप समन्वय समितिले वार्षिकोत्सवको अवसरमा आयोजना भलिबल, फुटबल, दौड, चित्रकला, हाजिरीजवाफ, ब्याडमिण्टनलगायत प्रतियोगिताका विजेता तथा उपविजेताहरुलाई पुरस्कार प्रदान गरिएको थियो । उनीहरुलाई अतिरिक्त क्रियाकलाप विभागका प्रमुख मनोज पोखरेलले पुरस्कार हस्तान्तरण गर्नुभएको थियो ।

बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेको प्रमुख आतिथ्य तथा क्याम्पस सञ्चालक समिति अध्यक्ष आनन्दराम पराजुलीको सभाध्यक्षमा समापन कार्यक्रम भएको छ । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै योजनामन्त्री काफ्लेले देशको सम्पूर्ण ठाउँको विकास हुनका लागि शैक्षिक क्षेत्रको विकास हुनुपर्ने बताउनुभयो । उहाँले प्रदेश सरकारले शैक्षिक क्षेत्रको विकासको कार्यलाई प्राथमिकता दिएको दावी गर्नुभयो । उहाँले आगामी दिनमा सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर वृद्धिमा थप सहयोगको प्रतिवद्धता व्यक्त गर्नुभयो ।

हेटौंडा क्याम्पस सञ्चालक समितिका अध्यक्ष पराजुलीले हेटौंडा क्याम्पसले मकवानपुरको शैक्षिक क्षेत्रमा उल्लेखनीय योग्दान दिएको धारणा राख्नुभयो । कार्यक्रममा क्याम्पस प्रमुख बालकृष्ण शर्मा, हेटौंडा उपमहानगरपालिका १६ नम्बर वडाका वडाध्यक्ष रामकृष्ण कोइराला, क्याम्पस व्यवस्थापन समितिका कोषाध्यक्ष नमूना पाण्डे, स्वतन्त्र विद्यार्थी युनियन हेटौंडा क्याम्पसका सभापति अभि मैनालीलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# आधुनिक माविको खेलकुदमा विजेता पुरस्कृत

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा विज्ञान विषय अन्तर्गतको अतिरिक्त क्रियाकलाप तथा खेलकुद कार्यक्रम सम्पन्न भएको छ । गत फागुन ४ गतेबाट सुरु भएको विज्ञान प्रवर्द्धन अन्तर्गतको अतिरिक्त क्रियाकलाप तथा खेलकुद कार्यक्रम एक सातासम्म सञ्चालन भएर सम्पन्न भएको हो ।

सोमबार एक समारोहबीच खेलकुद प्रतियोगिताका विजेतालाई मेडल तथा प्रमाणपत्र प्रदान गरिएको छ । वक्तृत्वकला, वादविवाद, क्रिकेट, फुटबल, भलिबल,



हाजिरीजवाफ प्रतियोगितामा विजेता बनेका विद्यार्थीलाई पुरस्कृत गरिएको कक्षा-११, १२ का संयोजक तथा विद्यालयका खेलकुद शिक्षक राजाराम पोखरेलले जानकारी दिनुभएको छ । खेलकुद प्रतियोगितामा कक्षा-११ र १२ का २ सय ५० जना विद्यार्थीको सहभागिता थियो ।

विद्यालयका प्रधानाध्यापक रामसागर गुरागाईंको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडाका वडाध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम भएको हो । पुरस्कार वितरण समारोहमा जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइराला, जिल्ला भलिबल संघका अध्यक्ष बसन्तकुमार सिटौला, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सका सहायक प्रिन्सिपल रामपण्डित खनालगायतको उपस्थिति रहेको थियो ।

## प्रदेशस्तरीय प्रधानमन्त्री कप क्रिकेट

# उद्घाटन खेलमा मकवानपुर विजयी




*म्यान अफ द म्याच रिजन ढकाल ।*

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश क्रिकेट संघको आयोजनामा सुरु भएको बागमती प्रदेशस्तरीय प्रधानमन्त्री कप क्रिकेट छनोट प्रतियोगितामा मकवानपुर जिल्ला क्रिकेट संघको टिमले विजयी सुरुवात गरेको छ । मंगलबार चितवनको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भएको उद्घाटन खेलमै चितवन जिल्ला क्रिकेट संघलाई मकवानपुरले ७१ रनले हराएको हो ।

टस हारेर पहिले ब्याटिङको निम्तो पाएको मकवानपुरले ४८ ओभर ५ बलमा १ सय ४३ रन बनाउँदै अलआउट हुन पुग्यो । मकवानपुरका टिम कप्तान सुमन सुनारले सर्वाधिक ४९ रन बनाए । यस्तै गौरव खड्काले १९ रन बनाएका थिए । तक्षक सिम्खडाले १४ रन, युविन बुढाथोकीले १३ रन, रिजन ढकालले १३ रन र विशाल फूयालले ११ रन बनाएका थिए ।

बलिङतर्फ चितवनका दिपेश श्रेष्ठले सर्वाधिक ४ विकेट लिए । विशाल खत्रीले २ विकेट लिए । जवाफी ब्याटिङमा उत्रिएको चितवनले ३१ ओभर ४ बलमा ७२ रन बनाउँदै अल आउट हुन पुग्यो । चितवनका रोशन झाले १२ रन र प्रतिक श्रेष्ठले ११ रन बनाउनु बाहेक अन्य खेलाडीले दोहोरो अंकको रन जोड्न सकेनन् ।

मकवानपुरका पिउस शर्माले सर्वाधिक ३ विकेट लिए । यस्तै, रिजन ढकाल र अशिम श्रेष्ठले समान २/२ विकेट लिए । म्यान अफ द म्याच मकवानपुरका रिजन ढकाल घोषित भए । समूह चरणको दोस्रो खेलमा मकवानपुरले बिहिबार नुवाकोट जिल्लाको क्रिकेट टिमसँग प्रतिस्पर्धा गर्नेछ ।

# तुल्सीमेहरको वार्षिकोत्सवमा विभिन्न कार्यक्रम हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१० स्थित तुल्सीमेहर बोर्डिङको वार्षिकोत्सवमा विभिन्न कार्यक्रम हुने भएको छ । बिहीबार बोर्डिङ परिसरमा हुने ४३ औं वार्षिकोत्सव तथा अभिभावक भेला कार्यक्रममा विभिन्न कार्यक्रम आयोजना गरिने भएको हो ।

मंगलबार पत्रकार सम्मेलन गर्दै बोर्डिङका प्रिन्सिपल रघुनाथ खरालले वार्षिकोत्सवको अवसरमा विद्यार्थीको प्रतिभा प्रष्फुटन गर्नुका साथै अन्य कार्यक्रम आयोजना गर्न लागेको जानकारी दिनुभएको छ । अभिभावक भेलाको अवसरमा वार्षिक खेलकुद कार्यक्रमका विजेतालाई पुरस्कार वितरण तथा शिक्षक, कर्मचारीलाई सम्मान गरिने उहाँले बताउनुभयो ।

बोर्डिङका विद्यार्थीको व्यवहारिक ज्ञानको विकास गर्न सामाजिक विषय अन्तर्गतको सामग्री प्रदर्शनी, तामाङ, थारु, नेवारी र राउटे जातिको नृत्य प्रस्तुत गरिने उहाँले बताउनुभयो । कक्षा-११ र १२ का विद्यार्थीलाई अभ्यासात्मक ज्ञान सिकाउनका लागि होटल म्यानेजमेन्टका विद्यार्थीलाई सहभागी गराएर खाजाको स्टलहरु राखिने उहाँले बताउनुभयो । बोर्डिङमा करिब १ हजार १ सय ५० जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

# माइक्रोको ठक्करबाट गुरुङको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको इच्छाकामना गाउँपालिका-५, मुग्लिनमा माइक्रो बसले ठक्कर दिँदा पैदलयात्रीको मृत्यु भएको छ । सोमबार साँझ ६ बजेर ३५ मिनेटको समयमा सार्वजनिक शौचालय नजिक पृथ्वी राजमार्गमा काठमाडौबाट बेशीसहरतर्फ जाँदै गरेको ग १ ख ४४४४ नम्बरको माइक्रोले ठक्कर दिँदा ६५ वर्षीया सुकमाया गुरुङको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

माइक्रोको ठक्करबाट गुरुङ गम्भीर घाइते भएकी थिइन् । गुरुङको स्थानीय मेडिकलमा उपचारपश्चात थप उपचारका लागि चितवनको नयाँ मेडिकल कलेज लगिएको थियो । उपचारको क्रममा गुरुङको बेलुका ७ बजेर ५५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । माइक्रो चालक लमजुङ जिल्लाको बेशीसहर नगरपालिका-६ बस्ने २२ वर्षीय सुरज रावतलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# नेत्रहीन क्रिकेट टिम छनोट प्रतियोगिता सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित हुप्रचौरमा भएको नेत्रहीन महिला क्रिकेट टिम छनोट प्रतियोगिता सम्पन्न भएको छ । नेत्रहिन क्रिकेट संघ तथा राष्ट्रिय अपाङ्ग महासंघको आयोजनामा मंगलबार सम्पन्न भएको फाइनल खेलमा कान्तियोगीलाई ९ विकेटले हराउँदै दिल्लीसराले उपाधि जितेको छ ।

टस हारेर पहिले ब्याटिङ गरेको कान्तियोगीले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १ सय ५५ रन बनाएको थियो । कान्तियोगीको तर्फबाट कान्तियोगी चौधरीले २९ रन बनाएकी थिइन् । सुनिता भुजेलले २७ रन, माया लुङ्गेलीले २२ रन र एञ्जिला ढकालले १४ रन बनाएकी थिइन् । दिल्लीसराबाट सुजिता थापा र हरिकला रोक्काले समान २/२ विकेट लिएकी थिइन् ।

१ सय ५६ रनको लक्ष्य पछ्याएर जवाफी ब्याटिङमा उत्रिएको दिल्लीसराले १५ ओभरमा १ विकेट गुमाउँदै लक्ष्य भेट्टायो । दिल्लीसराकी सुस्मा तामाङले ९० रन र हरिकला रोक्काले ४१ रन बनाएकी थिइन् । कान्तियोगीबाट झक्क भण्डारीले १ विकेटमात्र लिएकी थिइन् ।

प्रतियोगिताको विजेता र उपविजेता बनेको टिमले नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगिताको प्लेयर अफ द म्याच र प्लेयर अफ द सिरिज विजेता टिमको सुस्मा तामाङ घोषित भएकी छिन् । उनले ५ हजार रुपैयाँ नगद पुरस्कार तथा ट्रफी प्राप्त गरेकी छिन् । तामाङ पूर्ण नेत्रहीन खेलाडी हुन् ।

नेत्रहीन क्रिकेट संघका अध्यक्ष पवन घिमिरेको सभाध्यक्ष तथा समाजिक विकास मन्त्रालयका सचिव बद्रीप्रसाद गैह्रेको प्रमुख आतिथ्यमा पुरस्कार वितरण भएको हो । मकवानपुर जिल्ला क्रिकेट संघको प्राविधिक सहयोगमा सञ्चालन भएको प्रतियोगितामा ७ वटा प्रदेशबाट ३ टिम सहभागी भएको नेपाल अपाङ्ग राष्ट्रिय महासंघका अध्यक्ष उपेन्द्र श्रेष्ठले जानकारी दिनुभएको छ । आगामी नोभेम्बर महिनामा हुने महिला नेत्रहीन विश्वकप क्रिकेट प्रतियोगितामा सहभागी हुने टिम छनोट गर्न प्रतियोगिताको आयोजना गरेको अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

बालबालिकामा शिक्षाको पहुँच पुऱ्याऔं

- उमेर पुग्ने बित्तिकै बालबालिकालाई विद्यालय भर्ना गरौं,
- विद्यालयमा बालबालिका रमाउने वातावरण सिर्जना गरौं,
- घरपरिवारमा सिकाइको वातावरण तयार गरौं,
- बालबालिका मैत्री शिक्षण सामाग्री प्रयोग गरौं,
- बालबालिकाको रुचिबमोजिम खेल्दै, पढ्दै सिक्ने वातावरण निर्माण गरौं,
- बालबालिकाको फरक क्षमता अनुसार सिकाईको अवसर प्रदान गरौं,
- बालबालिकालाई पढाईका साथसाथै अतिरिक्त क्रियाकलापमा समेत सहभागी गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ